गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय, स्याङ्जा

फोन नं. ०६३-४२०७७१
ईमेल :
idosyangja@gandaki.gov.np
idosyangja@gmail.com

## सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रकाशित मितिः-२०८२/०४/१३**

यस कार्यालयका लागि बढिमा यस आ.व. २०८२/८३ सम्मका लागि निजी सवारी साधन भाडामा लिनुपर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीबाट निम्न बुँदाहरुको अधिनमा रहि रितपूर्वक सिलबन्दी दरभाउ पत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ।

१) दरभाउपत्र फारमको लागि यो सूचना प्रकाशन भएको मिति देखि १५औं दिन अर्थात मिति २०८२/०४/२७ को कार्यालय समय भित्र फर्म वा कम्पनी दर्ता तथा नविकरण, भ्याट/प्यान दर्ता र आ.व. ०८०/८१ सम्मको करचुक्ता प्रमाण पत्र, नविकरण भएको सवारी धनी प्रमाण पत्र (व्लुबुक), सम्झौता अवधि सम्मको सवारी साधन बिमा सहित तपसिलमा उल्लेखित राजश्व खातामा रु १०००/- जम्मा गरेको सक्कल बैंक भौचरको आधारमा यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्र पेश गर्दा प्रत्येक पानामा सहि छाप गरि तपसिलमा उल्लेख भए बमोजिम दरभाउपत्र जमानत बापत बैंक खातामा जम्मा भएको रु ४००००/- को सक्कल भौचर वा बैंकबाट जारी भएको दरभाउपत्र खोलिने दिन देखि ७५ (पचहत्तर) दिन मान्य अवधि रहेको बैंक जमानत (बैंक ग्यारेन्टी) सहित सिलबन्दी गरी यो सूचना प्रकाशन भएको १६ औं दिन अर्थात मिति २०८२/०४/२८ गते दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।रितपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ ।दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) कुनै फर्म वा कम्पनीको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा कम्पनीको नाममा पेश गर्न पाइने छैन ।

४) दरभाउपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन खरिद वा दाखिला सम्बन्धी कार्य हुनेछ ।

५) दरभाउपत्र आंशिक वा पूर्ण रुपमा कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६) सवारी साधन भाडामा लिने सम्बन्धी नियम तथा शर्तहरु दरभाउपत्रमा उल्लेख भए अनुसार हुनेछन र नियम तथा शर्तहरु यस कार्यालयको Web site: www.idosyangja.gandaki.gov.np वा Facebook Page: "पूर्वाधार विकास कार्यालय, स्याङ्जा" मा हेर्न सकिनेछ ।

७) रित नपुगेका वा म्याद नाघी आएका वा कुनै शर्त राखि पेश भएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८) यस सूचनामा उल्लेख नभएका अन्य प्रावधानहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**राजस्व जम्मा गर्ने प्रयोजनको लागि**
वैंकको नामः- नेपाल बैंक लिमिटेड
कार्यालयको नामः- पूर्वाधार विकास कार्यालय स्याङ्जा
कार्यालय कोडः- ३३७०१४३०१४
राजश्व खाता नं.-२७३०२०००००१००१००००००१
राजश्व शिर्षक नं. १४२२९

**दरभाउपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनको लागि**
बैंकको नामः- नेपाल बैंक लिमिटेड
कार्यालयको नामः- पूर्वाधार विकास कार्यालय स्याङ्जा
कार्यालय कोडः- ३३७०१४३०१४
धरौटी खाता नं.- ख-२-३-०७२०२००००००२००३०००००१

दयाराम अधिकारी
सि.डि.ई.

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
# पूर्वाधार विकास कार्यालय स्याङ्जा

फोन नं. ०६३-४२०७७१
ईमेल :
idosyangja@gandaki.gov.np
idosyangja@gmail.com

**सवारी साधन भाडामा लिने सम्बन्धमा सिलबन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले पालन गर्नुपर्ने नियम तथा शर्तहरु ।**

यस कार्यालयको लागि बढीमा यस आर्थिक वर्ष २०८२/०८३ सम्मको लागि सवारी साधन भाडामा लिने सम्बन्धि मिति २०८२/०४/१३ को सूचना बमोजिम भाडामा लिइने सवारी साधनको सम्बन्धमा सिलबन्दी दरभाउपत्रदाताले पालन गर्नुपर्ने नियम तथा शर्तहरु तपसिल बमोजिम रहेका छन ।

तपसिलः-

१) सवारी साधन २०१७ मोडल भन्दा पछीको र २१५० सी सी भन्दा माथि क्षमता भएको 4WD हुनुपर्नेछ ।

२) सवारी साधन कम्तिमा ५ सिट क्षमता भएको र पछाडी सामान राख्न मिल्ने (पिकअप) सहि कण्डिसनमा भएको Air Condition सहितको हुनुपर्नेछ।

३) सवारी चालक सवारी धनीले नै उपलब्ध गराउनुपर्नेछ ।

४) इन्धन (डिजेल) बाहेक सवारी चालक तथा अन्य सम्पूर्ण खर्च सवारी धनी स्वयंको हुनेछ ।मर्मत संभार लगाएत सवारी चालकको खर्च सवारी धनीले व्यहोर्नुपर्नेछ ।

५) सवारी धनीले कार्यालयलाई आवश्यक परेको बखतमा जुनसुकै बखत (सातै दिन/चौबिसौं घण्टा) सेवा उपलब्ध गराउनुपर्नेछ।

६) भाडामा लिइने सवारी साधन गुडेको आधारमा लगबुक बमोजिम पेट्रोल पम्पलाई इन्धन (डिजेल)को भुक्तानी कार्यालयले गर्नेछ ।

७) दरभाउ पत्र दाताले इन्धन (डिजेल) बाहेकको मासिक भाडा मुल्यको आधारमा मु.अ.कर बाहेकको दररेट पेश गर्नुपर्नेछ र कार्यालयवाट भुक्तानी उक्त दररेटमा मु.अ.कर रकम थप गरी कर विजकको आधारमा अग्रिम आयकर १.५ प्रतिशत र भ्याट रकमको ३० प्रतिशत कट्टा गरी फर्म वा कम्पनीको वैंक खाता मार्फत मासिक रुपमा गरिनेछ ।

८) सवारी भाडामा लिने अवधि बढीमा २०८३ असार मसान्तसम्म हुनेछ ।सेवा सन्तोषजनक नभएमा वा कार्यालयलाई आवश्यक नभएमा कार्यालयले जुनसुकै समयमा सम्झौता रद्ध गर्न सक्नेछ ।

९) सम्झौता अवधि सम्मको लागि सवारी साधन पूर्ण रुपमा कार्यालयको नियन्त्रणमा रहनेछ ।

१०)भाडामा लिने सम्वन्धी अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

दयाराम अधिकारी
सि.डि.ई.

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय,
स्याङ्जा

## सवारी साधन भाडामा लिने सम्बन्धि सिलबन्दी दरभाउपत्र

ठेक्का नं.: IDOSYANGJA/OS/SQ/01/082/83

दयाराम अधिकारी
सि.डि.ई.